मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल


प.सं. : २०८३/०८४
च.नं. : ९१

वि.सं. : २०८३/०४/०४
ने.सं. :

विषय :- बोलपत्र आव्हान सम्बन्धी सूचना संसोधन गरिएको बारे।

श्री बोलपत्रदाता सबै ।

उपरोक्त विषयमा यस मानेभञ्ज्याङ गाउँपालिकाबाट मिति २०८३/०३/३० गते प्रथम पटक प्रकाशित बोलपत्र आहान सूचना सम्बन्धमा, "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" मिति २०८३/०३/२५ गते प्रमाणीकरण भई लागू भएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०३/२९ गतेको च.न. ८७ को पत्रमार्फत उक्त संशोधित ऐन बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कामकारबाही सञ्चालन गर्न/गराउन निर्देशन प्राप्त भएको हुँदा, तपसिल बमोजिमका बोलपत्रहरूमा "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" मा व्यवस्था भए बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | बोलपत्रको विवरण | लागत अनुमान अंक (मु. अ. कर सहित) | फारम दस्तुर ने.रू. | बोलपत्र खोल्ने मिति | प्रकाशित पटक |
|---|---|---|---|---|---|
| **MRM/NCB/61DCRM/22/082/83** | **Dudhkoshi Corridor Road Maintenance Work-Jayram to Moli-Part 1-82/83** | ९४,५७,५७१।९४ | ० | २०८३/०४/१९ | प्रथम पटक |

यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.manebhanjyangmun.gov.np र www.bolpatra.gov.np बाट हेर्न सकिनेछ ।

२०८३/०४/०४
दिलिप कुमार ...
अधिकृतस्तर ...

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

## सार्बजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा

केसरमहल ,काठमाडौं

**प.सं. :-** ०८२/८३

**च.नं. :-** ८७

**मिति :-** वि.सं. २०८३/०३/२९

**ने.स. :-** ११४६ तछलागा,१४ सोमवार

<u>विषयः सूचना तथा जानकारी सम्बन्धमा ।</u>

सार्वजनिक निकाय

सबै ।

"सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" मिति २०८३।३।२५ प्रमाणीकरण भई प्रारम्भ समेत भएको बेहोरा अवगत नै छ। उक्त ऐनमा उल्लेख भएका विषयमा यस कार्यालयबाट नमूना बोलपत्र सम्बन्धी कागजातहरू तयार गर्ने कार्य भइरहेको छ।

अतः यस कार्यालयबाट नमूना बोलपत्र सम्बन्धी कागजात तयार भई जारी नभएसम्म सम्बन्धित सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा तथा सार्वजनिक निकायबाट बोलपत्र आह्वान भइसकेको तर बोलपत्र दाखिला गर्ने म्याद बाँकी भएको खरिद कारबाहीको हकमा ऐन बमोजिम परिमार्जन गरी खरिद सम्बन्धी काम कारबाही गर्न/गराउन हुन यस कार्यालयको मिति २०८३।०३।२९ गतेको निर्णयानुसार सम्बन्धित सबै सार्वजनिक निकायहरूलाई जानकारीको लागि अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Adwait Ram Bhandari
adwaitram.bhandari@nepal.gov.np

(अद्वैत राम भण्डारी)

इन्जिनियर

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल ,काठमाडौं

**प.सं. :-** ०८२/८३
**च.नं. :-** सू.प्र./९०

**मिति :-** वि.सं. २०८३/०३/२९

**ने.स. :-** ११४६ तछलागा,१४ सोमवार

विषय: e-GP प्रणालीमा बोलपत्र दस्तुर प्रविष्ट गर्ने सम्बन्धमा ।

श्री सार्वजनिक निकाय सबै
श्री बोलपत्रदाता, आपूर्तिकर्ता, परामर्शदाता सबै

प्रस्तुत विषयमा "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" मिति २०८३/०३/२५ गते प्रमाणीकरण भई प्रारम्भ समेत भएको व्यहोरा अवगत नै छ। उक्त ऐनको दफा १३ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम "तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन" भनी व्यवस्था भएको हुँदा विद्युतीय खरिद प्रणालीमा अर्को व्यवस्था नभएसम्म तपसिल बमोजिमको बैङ्क विवरण छनौट गरी प्रकृया अगाडि बढाउन हुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिलः**

१. सार्वजनिक निकायहरुले विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र आह्वान गर्दा बोलपत्र दस्तुर शून्य '०' राखी बैङ्कको नाममा "Not Applicable" छनौट गर्नुहुन।

२. बोलपत्रदाता र आपूर्तिकर्ताहरुले बोलपत्र पेश गर्दा Bid Document Fee मा सादा कागज pdf फर्मेटमा अपलोड गर्नुहुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Nirmal Lama
nirmal.lama@nepal.gov.np

(निर्मल लामा)
कम्प्युटर अधिकृत